# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ५२) काठमाडौं, जेठ १६ गते २०५९ साल (अतिरिक्ताङ्क २०


## भाग ३

श्री ५ को सरकार

संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयको सूचना

### पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९

विकास समिति ऐन, २०१३ को दफा ३ ले दिएको अधिकार प्रयोग गरी श्री ५ को सरकारले देहायको आदेश जारी गरेकोछ ।

१. संक्षिप्त नाम र प्रारम्भ : (१) यस आदेशको नाम " पर्वतीय प्रशिक्षण विकास समिति (गठन) आदेश, २०५९ " रहेकोछ ।

(२) यो आदेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस आदेशमा -

(क) "समिति" भन्नाले दफा ३ बमोजिम गठन भएको पर्वतीय प्रशिक्षण विकास समिति सम्झनु पर्छ ।

(ख) "अध्यक्ष" भन्नाले समितिको अध्यक्ष सम्झनु पर्छ ।

(ग) "सदस्य" भन्नाले समितिको सदस्य सम्झनु पर्छ र सो शव्दले अध्यक्ष र सदस्य सचिव समेतलाई जनाउँछ ।

(घ) "सदस्य-सचिव" भन्नाले समितिको सदस्य-सचिव सम्झनु पर्छ ।

(ङ) "कार्यकारी निर्देशक" भन्नाले दफा ६ बमोजिमको कार्यकारी निर्देशक सम्झनु पर्छ ।

(च) "तोकिएको" वा "तोकिए बमोजिम" भन्नाले यस आदेश अन्तर्गत बनेको नियममा तोकिएको वा तोकिए बमोजिम सम्झनु पर्छ ।


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

३. पर्वतीय प्रशिक्षण विकास समितिको गठन : (१) पर्वतीय पर्यटन सम्बन्धी तालीम, प्रशिक्षण तथा तत् सम्बन्धी कार्यक्रम सञ्चालन गर्नको लागि पर्वतीय प्रशिक्षण विकास समिति नामको एउटा विकास समितिको गठन हुनेछ ।

(२) उपदफा (१) बमोजिमको समितिमा देहायका सदस्यहरु रहनेछन् :-

(क) श्री ५ को सरकारले तोकेको व्यक्ति - अध्यक्ष

(ख) प्रतिनिधि, संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय - सदस्य

(ग) प्रतिनिधि, जनसंख्या तथा वातावरण मन्त्रालय - सदस्य

(घ) प्रतिनिधि, अर्थ मन्त्रालय - सदस्य

(ङ) प्रतिनिधि, राष्ट्रिय योजना आयोग - सदस्य

(च) अध्यक्ष, नेपाल पर्वतरोहण संघ - सदस्य

(छ) अध्यक्ष, ट्रेकिङ्ग एजेन्टस् एशोसिएशन अफ नेपाल - सदस्य

(ज) पर्वतीय पर्यटनको क्षेत्रमा अनुभव प्राप्त प्रतिष्ठित व्यक्तिहरु मध्येबाट श्री ५ को सरकारले मनोनीत गरेको तीन जना - सदस्य

(झ) कार्यकारी निर्देशक - सदस्य-सचिव

(३) उपदफा (२) को खण्ड (क) र (ज) बमोजिमका सदस्यहरुको पदावधि चार बर्षको हुनेछ ।

(४) समितिले पर्वतीय पर्यटनको क्षेत्रमा विशेष ज्ञान हासिल गरेका विशेषज्ञलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

४. समितिको काम, कर्तव्य र अधिकार :- समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) पर्वतीय पर्यटनसंग सम्बन्धित तालीम, प्रशिक्षण तथा कार्यक्रम सञ्चालन गर्ने,

(ख) पर्वतीय पर्यटनको विकास, विस्तार र प्रवर्द्धनको लागि आवश्यक पर्ने जनशक्ति तयार गर्ने सम्बन्धमा अध्ययन, अनुसन्धान गर्ने,

(ग) पर्वतीय पर्यटन सम्बन्धी परामर्श तथा प्राविधिक सेवा सञ्चालन गर्ने,

(घ) पर्वतीय पर्यटनसँग सम्बन्धित दीर्घकालीन तथा अल्पकालीन योजना तर्जुमा गरी लागू गर्ने,

(ङ) पर्वतीय पर्यटनसँग सम्बन्धित तालीम, प्रशिक्षण तथा कार्यक्रमको लागि पाठ्यक्रम निर्धारण गर्ने तथा त्यस्तो तालीम, प्रशिक्षण तथा कार्यक्रममा भाग लिने व्यक्तिको योग्यता तोक्ने,

(च) पर्वतीय पर्यटन सम्बन्धमा श्री ५ को सरकारलाई आवश्यक परामर्श दिने,

(छ) पर्वतीय पर्यटन सम्बन्धमा आवश्यक पूर्वाधारको विकास गर्ने,

(ज) पर्वतीय पर्यटन सम्बन्धी प्रशिक्षण वा तालीम केन्द्र खोल्ने,

(झ) पर्वतीय पर्यटन तालीम तथा प्रशिक्षण सम्बन्धमा आवश्यक अन्य कार्यहरु गर्ने ।

५. समितिको बैठक सम्बन्धी कार्यबिधि : (१) समितिको बैठक बर्षको कम्तीमा चार पटक बस्नेछ ।

(२) समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) समितिको बैठक बस्ने सूचना सदस्य-सचिवले बैठक बस्नु भन्दा कम्तीमा पन्ध्र दिन अगावै सदस्यहरुलाई दिनु पर्नेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(४) समितिको कुल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ।

(५) समितिको बैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा समितिका सदस्यहरुले आफूहरुमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्नेछ।

(६) समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकमा अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिनेछ।

(७) समितिको निर्णय सदस्य-सचिवले प्रमाणित गर्नेछ।

(८) समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ।

६. कार्यकारी निर्देशक : (१) श्री ५ को सरकारले समितिको प्रशासकीय प्रमुखको रुपमा काम गर्न तोकिए बमोजिमको योग्यता पुगेको व्यक्तिलाई कार्यकारी निर्देशकको पदमा नियुक्ति गर्नेछ।

(२) उपदफा (१) बमोजिम कार्यकारी निर्देशकको नियुक्ति नभएसम्मको लागि श्री ५ को सरकारले श्री ५ को सरकारको अधिकृत स्तरको कर्मचारीलाई कार्यकारी निर्देशकको रुपमा काम गर्न तोक्न सक्नेछ।

(३) कार्यकारी निर्देशकको पदावधि चार बर्षको हुनेछ।

(४) उपदफा (३) मा जुनसुकै कुरा लेखिएको भएता पनि कार्यकारी निर्देशकले आफ्नो पदीय जिम्मेवारी पूरा नगरेमा श्री ५ को सरकारले निजको पदावधि समाप्त नहुँदै निजलाई कार्यकारी निर्देशकको पदबाट हटाउन सक्नेछ।

तर त्यसरी पदबाट हटाउन अघि निजलाई सफाई दिने मनासिब मौकाबाट बञ्चित गरिने छैन।

(५) कार्यकारी निर्देशकको काम, कर्तव्य र अधिकार तोकिए बमोजिम हुनेछ।

(६) कार्यकारी निर्देशकको पारिश्रमिक, सेवाको शर्त तथा सुविधा श्री ५ को सरकारको स्वीकृति लिई समितिले तोके बमोजिम हुनेछ।

७. समितिका कर्मचारी : (१) समितिमा आवश्यकतानुसार कर्मचारीहरु रहने छन्।

(२) समितिका कर्मचारीहरुको नियुक्ति, पारिश्रमिक, सेवाको शर्त तथा सुविधा सम्बन्धी व्यवस्था तोकिए बमोजिम हुनेछ।

८. समितिको कोष :(१) समितिको एउटा छुट्टै कोष हुनेछ र सो कोषमा देहायका रकमहरु रहनेछन् :-

(क) श्री ५ को सरकारबाट प्राप्त अनुदान रकम,

(ख) कुनै व्यक्ति वा संस्थाले चन्दा वा सहायता स्वरुप प्रदान गरेको रकम,

(ग) अन्तर्राष्ट्रिय संघ संस्था, विदेशी सरकार वा व्यक्तिबाट प्राप्त रकम,

(घ) समितिले उपलब्ध गराएको सेवा वापत प्राप्त हुने रकम वा

(ङ) अन्य स्रोतबाट प्राप्त रकम।

(२) उपदफा (१) को खण्ड (ग) बमोजिमको रकम प्राप्त गर्नु अघि समितिले श्री ५ को सरकारको स्वीकृति लिनु पर्नेछ।

(३) समितिले उपदफा (१) बमोजिमको कोषमा रहने रकम नेपाल अधिराज्यको कुनै बैंकमा खाता खोली जम्मा गर्नु पर्नेछ।

(४) समितिको नामबाट गरिने सबै खर्च उपदफा (१) बमोजिमको कोषबाट व्यहोरिनेछ।

(५) समितिको खाता सदस्य-सचिव र अध्यक्ष वा निजले तोकेको सदस्यको संयुक्त दस्तखतबाट सञ्चालन हुनेछ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

९. लेखा र लेखा परीक्षण : (१) समितिको आय-व्ययको लेखा प्रचलित कानून बमोजिम राखिनेछ ।

(२) समितिको लेखा परीक्षण महालेखा परीक्षकको विभाग वा सो विभागबाट तोकेको लेखा परीक्षकबाट हुनेछ ।

(३) श्री ५ को सरकारले समितिको आय-व्ययको लेखा, तत् सम्बन्धी कागजात र अरु नगदी, जिन्सी, जुनसुकै बखत जाँच्न वा जाँच्न लगाउन सक्नेछ ।

१०. उप-समिति वा कार्यटोली गठन गर्न सक्ने : (१) समितिले यो आदेश वा यस आदेश अन्तर्गत बनेको नियम बमोजिम आफूले गर्नु पर्ने काम सुचारुरुपले गर्न गराउनको निमित्त आवश्यकतानुसार उपसमिति वा कार्यटोली गठन गर्न सक्नेछ ।

(२) उपदफा (१) बमोजिम गठित उपसमिति वा कार्यटोलीको काम, कर्तव्य, अधिकार तथा कार्यविधि समितिले तोके बमोजिम हुनेछ ।

११. बैठक भत्ता : सदस्यहरुले समितिको बैठकमा भाग लिए बापत श्री ५ को सरकारले तोकिदिए बमोजिमको बैठक भत्ता पाउनेछन् ।

१२. अधिकार प्रत्यायोजन : समितिले आफूलाई प्राप्त अधिकारमध्ये आवश्यकतानुसार केही अधिकार अध्यक्ष, सदस्य, सदस्य-सचिव वा समितिको कुनै अधिकृतस्तरको कर्मचारीलाई प्रत्यायोजन गर्न सक्नेछ ।

१३. श्री ५ को सरकारसंग सम्पर्क : समितिले श्री ५ को सरकारसंग सम्पर्क राख्दा संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय मार्फत राख्नु पर्नेछ ।

१४. समितिको कार्यालय र नामाकरण : (१) समितिको मुख्य कार्यालय काठमाण्डौं उपत्यकामा रहनेछ ।

(२) समितिले आवश्यकतानुसार अन्य स्थानमा सम्पर्क कार्यालय खोल्न सक्नेछ ।

(३) समितिको प्रशिक्षण तथा तालीम सम्बन्धी मुख्य केन्द्र सोलुखुम्बू जिल्लामा रहनेछ ।

(४) समितिको कार्यालय पर्वतीय प्रशिक्षण प्रतिष्ठानको नामले प्रचलित हुनेछ ।

१५. नियम बनाउने अधिकार : समितिले यस आदेशको उद्देश्य पूर्तिको लागि आवश्यक नियम बनाउन सक्नेछ र त्यस्तो नियम श्री ५ को सरकारबाट स्वीकृत भएपछि लागू हुनेछ ।

आज्ञाले,

नगेन्द्रप्रसाद घिमिरे

श्री ५ को सरकारको निमित्त सचिव



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।